त्रिभुवन विश्वविद्यालय

# शिक्षण अस्पताल

तार-टुथमेड
महाराजगञ्ज
काठमाडौं, नेपाल ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल

पत्र संख्या :- J-5 S42

मिति : २०८३/०६/२०

श्री सम्पूर्ण विभाग/ वार्ड / शाखा / ओ.पि.डि.तथा युनिटहरू
त्रि.वि. शिक्षण अस्पताल,
महाराजगञ्ज ।

विषय: २०८३ सालको वडा-दशैं र तिहार बिदा सम्बन्धी परिपत्र ।

२०८३ सालको वडा दशैं तथा तिहार बिदाको सम्बन्धमा त्रिभुवन विश्वविद्यालयको क्यालेण्डर अनुसार बिदाको समयमा अस्पतालको दैनिक कार्य सञ्चालनमा बाधा नपरोस भन्ने उद्देश्यले विगतका बर्षहरुमा झैं यस वर्षमा पनि निम्नानुसारको व्यवस्था गर्न, गराउन यो परिपत्र गरिएको छ । साथै २०८३ सालको वडा दशैं तथा तिहार बिदामा अस्पतालको सम्पूर्ण प्रशासनिक निकाय तथा विभागहरु बन्द रहेता पनि निम्नानुसारको व्यवस्था कायम गरिएकोले सोही अनुसार गर्न गराउन हुन अनुरोध गर्दछु ।

| अस्पतान पूरा सञ्चालन हुने दिनहरू | | अस्पताल पूरा बिदा हुने दिनहरू | |
|---|---|---|---|
| मिति | चाडपर्वहरु | मिति | चाडपर्वहरु |
| २०८३/६/२६ | द्बितिया | २०८३/६/२५ | घटस्थापना |
| २०८३/६/२७ | तृतिया | २०८३/७/१ | महा अष्टमी |
| २०८३/६/२८ | चतुर्थी | २०८३/७/२ | अष्टमी |
| २०८३/६/२९ | पञ्चमी | २०८३/७/३ | महानवमी |
| २०८३/६/३० | षष्ठी | २०८३/७/४ | विजया दशमी |
| | | २०८३/७/५ | एकादशी |
| | | २०८३/७/६ | द्वादशी |
| | | २०८३/७/२२ | लक्ष्मीपूजा |
| | | २०८३/७/२३ | गाई तिहार |
| | | २०८३/७/२४ | म्हःपूजा |
| | | २०८३/७/२५ | भाइ टीका |
| | | २०८३/७/२६ | तृतीया |

क्रमशः

फोन नं. : ४५-१२४०४, ४५-१२५०५, ४५-१२७०७, फ्याक्स : ९७७-१-४४-२२५५३, पोष्ट बक्स नं. : ३५७८
E-mail: tuthdirector@iom.edu.np, Website: www.tuth.org.np

त्रिभुवन विश्वविद्यालय

# शिक्षण अस्पताल

तार-टुथमेड
महाराजगञ्ज
काठमाडौं, नेपाल ।

पत्र संख्या :-

मिति :................................

१) उपरोक्त बिदाको दिनहरूमा आकस्मिक कक्ष, अन्तरंग र आकस्मिक शल्यक्रिया २४ सै घण्टा खुल्ला राख्ने व्यवस्था मिलाउने ।

२) आकस्मिक सेवाको निम्ति रेडियोलोजी, इमर्जेन्सी ल्याव, ब्लड बैंक यथावत सञ्चालन गर्ने व्यवस्था सम्बन्धित प्रमुखमार्फत इञ्चार्जले मिलाउने ।

३) उपरोक्त बिदाका दिनहरूमा बिरामीहरूलाई डिस्चार्ज गर्दा आवश्यक हिसाव मिलान गर्न आर्थिक प्रशासन शाखाले आवश्यक व्यवस्था मिलाई सोको जानकारी सम्बन्धित ड्यूटि अफिसरलाई उपलब्ध गराउने ।

४) अन्तरङ्ग विभाग, आर्थिक, सुरक्षा, यातायात, मर्मत सम्भार, हाउस किपिङ्ग, टेलिफोन एक्सचेञ्ज, डाईटरी विभाग, लण्ड्री र फार्मेसी आदि शाखाहरूले उपरोक्त पूरा समय बिदाको दिनहरूको लागि अनिवार्य रुपमा विशेष रोष्टर तालिका बनाई आलोपालो ड्यूटि मिलाई कार्यरत रहने व्यवस्था मिलाउने र सो ड्युटि रोष्टर कर्मचारी प्रशासन शाखा र कन्ट्रोल रुममा अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था सम्बन्धित प्रमुख मार्फत इञ्चार्जले मिलाउने ।

५) उपरोक्त बिदाको दिनहरूमा ड्यूटिमा तोकिएको कुनै पनि कर्मचारीहरू कार्यमा अनुपस्थित भएमा सम्बन्धित प्रमुख तथा इञ्चार्जले अर्को व्यवस्था मिलाई तत्काल कन्ट्रोल रुममा ड्यूटि अफिसरलाई लिखित जानकारी दिने र सोको जानकारी ड्यूटि अफिसरले कर्मचारी प्रशासन शाखामा लिखित रुपमा अनिवार्य उपलब्ध गराउने व्यवस्था मिलाउने ।

६) उपरोक्त पुरा समय बिदाको दिनहरूमा आकस्मिक सेवाको निम्ति तथा माथि उल्लेख गरिएको बाहेक अन्य कर्मचारीहरूलाई कार्य गर्न लगाउनु पर्ने भई कार्य गर्न लगाइएमा तत्काल ड्यूटि अफिसरलाई लिखित जानकारी दिने र सोको जानकारी प्रमाणित गरी ड्यूटि अफिसरले कर्मचारी प्रशासन शाखामा लखित रुपमा अनिवार्य उपलब्ध गराउने व्यवस्था मिलाउने ।

७) दशै तिहार बिदाहरूमा ड्यूटि रोष्टरमा राखिएका कर्मचारीहरू बाहेक अन्य कर्मचारीहरूलाई कार्य लगाउनु पर्ने भएमा विभाग/शाखा प्रमुख वा इञ्चार्जको अनिवार्य रुपमा पूर्वस्वीकृति लिनुपर्ने र ड्युटि रोष्टरमा नभएमा कर्मचारीहरूलाई हाजिर नगराउने ।

८) अस्पताल पुरा बिदा हुने दिनहरूमा कुनै पनि वार्ड/शाखाहरूमा अधिकृत स्तर वा सो भन्दा माथिका एक सिफ्टमा एक जना मात्र कर्मचारी ड्यूटीमा आउने व्यवस्था मिलाउने र नगरेमा गएल गरिने ।

९) कुनै पनि वार्डमा बिरामीको संख्या कम भएमा वार्डहरूमा कार्य गर्ने कुनै पनि कर्मचारीहरूलाई आवश्यकता अनुसार अन्य वार्डहरूमा कार्य गर्न लगाउने व्यवस्था मिलाउने ।

१०) दशैं, तिहार तथा अन्य सार्वजनिक बिदाहरूमा ड्यूटि रोष्टरअनुसार कार्य गर्न आएका कर्मचारीहरूले Thumb Print अनिवार्य रुपमा गर्नु पर्नेछ । Thumb Print बाट आएको/गएको दुबैतर्फ हाजिर गरेको नपाईएमा र कम्तिमा तोकिएको घण्टा ड्यूटी नदेखिएमा सावर्जनिक बिदाको रकम उपलब्ध गराउन सकिने छैन । काठमाडौं बाहिर जानुभन्दा अघि सिनियर कर्मचारीहरूले पूर्व जानकारी गराई आवश्यक व्यवस्था मिलाउने र दशैं तिहारको बिदा अवधिभर फोन सम्पर्क सुनिश्चित गर्ने ।

.......................................
प्रा.डा.सुवास प्रसाद आचार्य

फोन नं. : ४५-१२४०४, ४५-१२५०५, ४५-१२७०७, फ्याक्स : ९७७-१-४४-२२५५३, पोष्ट बक्स नं. : ३५७८
E-mail: tuthdirector@iom.edu.np, Website: www.tuth.org.np